# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

आ. व.: २०८१/०८२

मितिः २०८१/१२/२८

श्री क्याम्पस प्रमुखज्यू,
**BE (Civil/ Computer/ E&C / ECA/ Electrical/Geomatic/Biomedical), B. Architecture** अध्यापन हुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः- तेस्रो, छैटौं, आठौं र दशौं सेमेष्टर नियमित तथा आंशिक परीक्षा आवेदन फारम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा इन्जिनियरिङ्ग संकाय अन्तर्गत सन् २०२५ मा सञ्चालन गरिने **BE (Civil/ Computer/ ECA /E&C/ Electrical/Geomatic/Biomedical), B. Architecture** शैक्षिक कार्यक्रमहरूको **तेस्रो, छैटौं र आठौं** सेमेस्टर तथा **B. Architecture दशौं** सेमेस्टर नियमित तथा आंशिक रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०८२/०१/१६ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०८२/०१/२३ गते नविल बैंक स्थित यस कार्यालयको **A/C 00710017518402** मा परीक्षा शुल्क तथा सम्वन्धन शुल्क जम्मा गरी सो वापतको रकम मिति २०८२/०१/२५ गतेभित्र सक्कलै भौचर र परीक्षा आवेदन फारम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फारम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपसिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फारम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फारम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदनउपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ...... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फारम भराउँदा तपसिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउनहुन अनुरोध छ ।

**तपसिलः**

१. परीक्षा आवेदन फारम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फारम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२. परीक्षा आवेदन फारममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फारम स्वीकृत हुने छैन ।
३. परीक्षा आवेदन फारममा रहेको तीनवटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४. परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६. कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७. आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८. परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (२०२० समूहदेखिका नियमित तथा आंशिक परीक्षार्थीहरूलाई) | रू.१,५००।- प्रति विद्यार्थी |
| २. | **परीक्षा शुल्क (आंशिक): २०१९ समूहसम्म** | |
| | आंशिक १ विषय | रू.५००।- प्रति विद्यार्थी |
| | आंशिक २ विषय | रू.८००।- प्रति विद्यार्थी |
| | आंशिक २ भन्दा बढी विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ३. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |
| ४. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म) | रू.२,०००।- प्रति विद्यार्थी |
| ५. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म) | रू.३,०००।- प्रति विद्यार्थी |
| ६. | **सम्बन्धन शुल्क** | |
| | BE (Computer) | रू.१०,०००।- प्रति विद्यार्थी |
| | BE (Civil/ E&C/Electrical/Geomatic/Biomedical), B. Architecture | रू.१५,०००।- प्रति विद्यार्थी |

सह-परीक्षा नियन्त्रक

नोटः
१. **क्र.सं. ४ र ५ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरू हुने परीक्षालाई सुरू भएको दिन मानिनेछ ।**
२. सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारमहरू बुझाउनुहुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारमहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।